राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

आज मिति २०७७ आश्विन ०२ गते यस राक्सिराङ्ग गाउँपालिकाको गाउँ विपद व्यवस्थापन समितिका संयोजक श्री राजकुमार मल्लज्यूको अध्यक्षतामा बसेको बैठकबाट देहाय अनुसारका निर्णयहरु गरियो :

निर्णयहरु :-

१) कोभिड १९ संक्रमितहरुलाई आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिका क्षेत्र भित्र आइसोलेसन वार्ड संचालन तथा व्यवस्थापन सम्बन्धमा :

- राक्सिराङ्ग गाउँ कार्यपालिकासंग नयाँ आइसोलेसन भवन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन अनुरोध गर्ने।
- तत्कालको लागि राक्सिराङ्ग ३ स्थित श्री सुर्योदय मा.वि., सरिखेतमा संचालन भइरहेको क्वारेन्टाइन भवनलाई नै अस्थाई आइसोलेसन वार्डको रुपमा प्रयोग गर्ने।
- आइसोलेसन संचालन तथा व्यवस्थापनको लागि आवश्यक समन्वय गर्न देहाय बमोजिमको महानुभावहरु सम्मिलित कार्यदल निर्माण गर्ने :
  - श्री बाबुलाल स्याङ्गतान (३ नं. वडा अध्यक्ष ) : संयोजक
  - श्री विजय कुमार कापरी ( स्वास्थ्य संयोजक ) : सदस्य
  - श्री चित्र बहादुर थापा ( अध्यक्ष, वि.व्य.स., श्री सुर्योदय मा.वि. ) : सदस्य
- आइसोलेसन वार्ड संचालन तथा व्यवस्थापनको सम्बन्धमा बागमती प्रदेश सरकारसंग आवश्यक सहयोगको लागि अनुरोध गर्ने।
- आइसोलेसन वार्ड संचालन तथा व्यवस्थापनको लागि आवश्यक एकजना मेडिकल अधिकृत करारमा पदपूर्तिको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक प्रक्रिया अघि बढाउन अनुरोध गर्ने।
- तत्कालको लागि मनहरी गाउँपालिकासंग समन्वय गरि मेडिकल प्राविधिकहरुको व्यवस्थापन गर्ने ।

२) गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण टोलहरुमा संक्रमणको लक्षण देखिएकाहरुको जानकारी स्थानीय टोल विकास संस्थाका प्रतिनिधि मार्फत वडा सदस्यले लिने तथा वडा सदस्य र वडा अध्यक्षको समन्वयमा PCR परिक्षणको लागि गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्ने व्यवस्था मिलाउने, साथै होम आइसोलेसनमा बसेका संक्रमितहरुको गतिविधि एवं अवस्थाको निगरानी गर्न सम्बन्धित वडाको वडा अध्यक्ष एवं वडा सदस्यहरुलाई निर्देशन दिने ।

३) जनचेतनामुलक कार्यक्रमहरु संचालन सम्बन्धमा :

- प्रत्येक वडाहरुमा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरु एवं जनप्रतिनिधिहरुको सक्रियतामा कोभिड १९ को संक्रमण नियन्त्रणको सम्बन्धमा विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने,
- गाउँपालिका भित्रका जनप्रतिनिधिहरु, विभिन्न राजनैतिक दलका पदाधिकारीहरु, गै.स.स.का प्रतिनिधिहरु, स्वास्थ्यकर्मीहरु लगायत सम्पूर्णलाई आ-आफ्नो क्षेत्रबाट कोभिड १९ संक्रमण नियन्त्रणको लागि आवश्यक सतर्कता आपनाउने कार्यमा सहयोग गर्न आपिल गर्ने ।

राजकुमार मल्ल
अध्यक्ष